महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**महिला तथा बालबालिका विभाग**
(प्रशासन शाखा)

फोन नं. ५५४७०१५,
५५२३८२७
फ्याक्स : ५५२१२१४
E-Mail: dwd1@wlink.com.np
Web site: www. dwd.gov.np
ललितपुर ।

पत्र संख्या : क.प्र. ०७४।७५
चलानी नं. : 896

मिति : २०७४।७।७

विषय :- परिपत्र सम्बन्धमा ।

श्री महिला तथा बालबालिका कार्यालय,
७५ जिल्ला ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय (प्रशासन तथा जनशक्ति व्यवस्था शाखा) को च.नं. २८८ मिति २०७४।६।३१ को पत्र साथ प्राप्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र यसै साथ संलग्न छ । पत्रबाट लेखि आएबमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

विनोद कुमार खनाल
शाखा अधिकृत

**बोधार्थ**
श्री महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
(प्रशासन तथा जनशक्ति व्यवस्था शाखा)
सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सदाचार प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति ०७४।०६।२६

प सं ०७४/७५
च नं: १७९७

विषयः सामाजिक सञ्जाल व्यवस्थित गर्ने सम्बन्धमा ।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरू ।

उपरोक्त सम्बन्धमा अधिकांश मन्त्रालय विभाग र सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरू कार्यालय समयमा सेवाग्राहीको काममा ध्यान नदिई सामाजिक सञ्जाल फेसबुक, ट्वीटर र इन्टरनेट चलाएर बस्ने गरेको भन्ने उजुरीका सम्बन्धमा जे जो गर्नुपर्ने कारवाही गरी जानकारी गराउन भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.१९८ मिति ०७४/०६/२३ को पत्रद्वारा लेखि आएको हुँदा तहाँ र मातहतका सबै कार्यालयहरूमा कार्यरत कर्मचारीहरू कार्यालय समयमा सेवाग्राहीको काममा ध्यान नदिई व्यक्तिगत फेसबुक, ट्वीटर वा त्यस्तै प्रकारको सामाजिक सञ्जालको अन्य साधनहरू चलाएर बस्ने गरेको भए त्यस्तो गतिविधिलाई अविलम्ब व्यवस्थित रुपमा नियन्त्रण गर्न सबै निकायहरूलाई लेखि पठाउने भनी मिति ०७४/०६/२६ मा नेपाल सरकार (सचिवस्तर) बाट निर्णय भएकोले कार्यान्वयनको लागि अनुरोध छ ।

बोधार्थ:

- श्री राष्ट्रिय सूचना प्रविधि केन्द्र : मन्त्रालय तथा अन्य निकायहरूले संचालनमा ल्याएको सामाजिक सञ्जालबाहेक कार्यालयभित्र व्यक्तिगत एकाउन्ट संचालन हुन नपाउने व्यवस्था मिलाउनु हुन ।
- श्री सूचना प्रविधि शाखा, प्र.म. तथा म.प.को कार्यालय : आवश्यक समन्वय गरी उपरोक्त व्यवस्था कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुन ।

रोहित दहाल
शाखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३
फ्याक्स : ४२११०६५, ४२११०८६ इमेल info@nepal.gov.np वेब साइट : www.opmcm.gov.np